दफा १८ को उपदफा (६) संग सम्बन्धीत
कम्पनी ऐन,२०६३ अन्तर्गत स्थापित
(शेयरहरुमा सिमीत दायित्व भएको)

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

# सिम्बुवा रेमिट हाइड्रो लिमिटेडको

## प्रबन्धपत्र, २०७६

सहायक रजिष्ट्रार

१. **कम्पनीको नाम** : यस कम्पनीको नाम **"सिम्बुवा रेमिट हाइड्रो लिमिटेड"** हुनेछ, जसलाई अङ्ग्रेजीमा **"Simbuwa Remit Hydro Limited"** भनिनेछ । जसलाई यसपछि "कम्पनी"भनी सम्बोधन गरिनेछ ।

२. **कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगाना** : कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का. म. न. पा. वडा नं. ३ मा रहनेछ ।

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति** : यस कम्पनीले गर्ने व्यवसाय जलविद्युत उत्पादन गरी बिक्रीबितरण गर्ने सम्बन्धीहुनेछ ।

४. **कम्पनीको उद्देश्यहरु** :

(१) यस कम्पनीको उदेश्यहरु देहाय बमोजिम हुनेछन् :

(क) जलविद्युत आयोजना निर्माण का लागि जलबिद्युत आयोजनाहरुको पहिचान गरी प्रचलित कानुन बमोजिम अनुमति प्राप्त गरी सर्वेक्षण, निमार्ण, संचालन र व्यवस्थापन गर्ने तथा आयोजना बाट उत्पादित विद्युत शक्ति बिक्री बितरण गर्ने ।

(ख) उत्पादित विद्युत शाक्ति बिक्री बितरणका निमित्त आवश्यकता अनुसार सब-स्टेशन तथा प्रशारण लाईनहरु निमार्ण गर्ने र राष्ट्रिय प्रसारण प्रणालीसंग जोडी बिक्री बितरण गर्न आवश्यक व्यवस्था गर्ने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य प्रचलित कानुन बमोजिम सम्वन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त गरी मात्र कार्यान्वयन गर्नेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यहरुको कार्यान्वयन सम्वन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र (१५) दिनभित्र त्यस्तो अनुमति वा इजाजत पत्रको प्रतिलिपि कम्पनी रजिष्ट्रारको कार्यालय (यसपछि कार्यालय भनिएको) मा पेश गरिनेछ ।

५. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु**: यस कम्पनीले दफा ४ बमोजिका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ :

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्त निर्धारण गर्ने ।

(ग) कम्पनीको नाममा बैंक खाता खोल्ने र सञ्चालन गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कुनै धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरीद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।

(च) कम्पनीको सम्पति आबश्यकता अनुसार भाडा, पट्टा (लिज) वा अन्य कुनै तरिकाबाट उपभोग गर्न दिने हक हस्तान्तरण गरी बिक्री बितरण गर्ने ।

(छ) कम्पनीलाई आकष्मिक क्षतिबाट बचाउन कम्पनीको मेसिनरी, भवन लगायत सबै प्रकारका सम्पत्तिहरुको आवश्यकता अनुसार विमा गराउने ।

(ड) पहिचान गरिएको जलबिद्युत आयोजना निर्माणका लागि आवश्यक अध्ययन सर्वेक्षण गर्ने गराउने ।

(ढ) आयोजनाको निर्माण तथा संचालनको लागि आवश्यक अनुमतिपत्र प्राप्त गर्ने ।

(ण) आयोजना निर्माणको सन्दर्भमा परामर्श दाता, ठेकेदार तथा आपुर्ति कर्ता नियुक्त गर्ने गराउने ।

(त) जलविद्युत आयोजना बाट उत्पादित विद्युत शक्ति बिक्रि गर्नको लागि सम्वद्ध पक्षसंग बिद्युत खरिद बिक्रीको सम्झौता गर्ने ।

(थ) कम्पनीले आयोजना निर्माणको क्रममा आवश्यक पर्ने वित्तिय श्रोत जुटाउन प्रचलित कानुनको अधिनमा रही कम्पनीको नाममा अग्राधिकार शेयर, डिवेन्चर वा उर्जा ऋण पत्र जारी गरी ऋण उठाउने ।

(द) आयोजनाको निर्माण पश्चात संचालन व्यबस्थापन गर्ने गराउने ।

(ध) कम्पनीको उदेश्य प्राप्तीको लागि कम्पनीको उदेश्यसंग मिल्दो जुल्दो कार्यमा संलग्न व्यक्ति, फर्म वा कम्पनीसंग मुनाफा बाड्ने गरी सम्झौता वा संयुक्त उपक्रमको आधारमा लगानी तथा सहभागिता मा काम गर्ने ।

(न) कम्पनीको उदेश्य प्राप्तीको लागि विवरण पत्र प्रकाशित गरी कम्पनीको शेयर सर्वसाधारण तथा बैदेशिक रोजगारीमा गएकालाई बिक्री बितरण गर्ने ।

(प) जलविद्युत आयोजना संचालन हुने जिल्लाहरुमा वा आयोजना प्रभावित क्षेत्रमा सामाजिक आर्थिक विकासको कामहरु गर्ने ।

~~(फ) नेपाल भित्र कम्पनीको शाखा कार्यालय स्थापना गर्ने गराउने ।~~

(भ) कम्पनीको व्यवसाय संचालनको लागि आवश्यक पर्ने अन्य सबै प्रकारका कार्यहरु गर्ने ।

६. **कम्पनीको पुँजीको संरचना:** कम्पनीको पुँजीको संरचना देहाय बमोजिम हुनेछ :

(क) कम्पनीको अधिकृत पुँजी रु ४,२०,००,००,०००/- (अक्षरेपी चार अर्ब बीस करोड) हुनेछ । सो पुँजीलाई रु. १००/-(एक सय रुपैयाँ) दरका ४,२०,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीको तत्काल जारी पुँजी रू १,००,००,००,०००/- (अक्षरेपी एक अर्ब) हुनेछ । सो पुँजीलाई रु.१००/- (एकसय रुपैयाँ) दरले १,००,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) कम्पनीको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल पुँजी रु १,००,००,००,०००/- (अक्षरेपी एक अर्ब) हुनेछ ।

(घ) सस्थापक शेयरधनीहरुलाई समूह "क" मा बर्गिकरण गरिएको छ । सो समुहको शेयर स्वामित्व ५१ प्रतिशत हुनेछ । यो समूहमा निम्न लिखित शेयरधनी रहनेछन् ।

समूह "क"

| क्रं. सं . | संस्थापकको नाम | लिन कबुल गरेको शेयर संख्या (कित्ता) |
|---|---|---|
| १. | हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड | १,००,००,०००/- |

*नोट: नेपाल सरकारको "जनताको जलविद्युत कार्यक्रम" को अवधारणा बमोजिम आवश्यकता अनुसार शेयर संरचनामा फेरबदल गरिनेछ ।*

(ङ) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको ४९ प्रतिशत हुनेछ । यो समूहलाई देहाय बमोजिम ३ वटा उपसमूहमा विभाजन गरिएको छ:

| क्रं. सं | उपसमूहको नाम | प्रतिशत |
|---|---|---|
| १ | बैदेशिक रोजगारीमा गएका सर्वसाधारण | २९ |
| २ | सर्वसाधारण नागरिक | १० |
| ३ | आयोजना प्रभावित बासिन्दा | १० |

(च) जुन समूह,उप समूहको शेयर खरिद गरेको हो सो खरिद गर्ने व्यक्ति/संस्था/ निकायलाई सोही समूह उपसमूहमा राखिनेछ ।

(छ) प्रचलित कानुनको अधिनमा रही कम्पनीले आफ्नो पुँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

७. **कम्पनीको शेयरको किसिम:** कम्पनीले दुई किसिमको शेयरको व्यवस्था गरेको छ ।

(क) साधारण शेयर

(ख) अग्राधिकार शेयर

८. **शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा :**

(क) कम्पनीले जलविद्युत आयोजना कार्यान्वयन गर्ने क्रममा कम्पनी ऐन, २०६३ को अधिनमा रही अधिकृत पुँजी तथा जारी पुँजी बृद्धि गर्न र साधारण शेयर बिक्री गरी पुँजी उठाउन सक्नेछ । तर त्यसरी शेयर बिक्री गर्दा दफा ६ को (ङ) बमोजिम जारी पुँजीको २९ प्रतिशत बैदेशिक रोजगारीमा गएका सर्वसाधारण नागरिक, १० प्रतिशत सर्वसाधारण नागरिक र १० प्रतिशत आयोजना प्रभावित बासिन्दाको निमित्त सुरक्षित गरिनेछ ।

(ख) कम्पनीले प्रचलित कानुनको अधिनमा रही आफ्नो शेयर व्यक्ति, फर्म वा संगठित संस्थालाई बिक्री गर्न सक्नेछ ।

(ग) कम्पनीको शेयर चल सम्पत्ति सरह प्रचलित कानुनको अधिनमा रहि खरिद बिक्री वा हक्क हस्तान्तरण गर्न सकिनेछ ।

९. **शेयरको रकम भुक्तानीका शर्तहरु :** शेयरको रकम भुक्तानी माग सम्बन्धी शर्तहरु देहाय बमोजिम हुनेछ :

(क) कम्पनीले आफ्नो आवश्यकता अनुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर बापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

(ख) कम्पनीले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनुपर्नेछ ।

(ग) शेयर बापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समय अवधि भित्र बुझाउने थप म्याद माग गर्ने र कम्पनीले म्याद दिने जस्ता कुराहरु नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **दायित्व सीमित हुने :** यस कम्पनीको कारोवारको सम्वन्धमा शेयरधनीको दायित्व निजले खरिद गरको वा खरीद गर्न कबुल गरेको शेयरको अंकित मुल्य सम्म मात्र सीमित रहनेछ ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

११. **अन्य आवश्यक कुराहरु:**

(१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नु पर्नेछ ।

(२) संस्थापक वा अन्य कुनै व्यक्तिले शेयरको रकम कम्पनीको बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

(३) कम्पनीले कारोवार शुरु गर्दाको बखतमा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन ।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने व्यवस्था गरिएको छैन ।

(५) स्थानियलाई छुट्याईएको शेयर धितोपत्र बजारमा सुचिकृत भएको मिति देखि तिन वर्ष सम्म बिक्री वा हस्तान्तरण गर्न पाईने छैन ।

१२. **कम्पनीको प्रकृति अनुरुप अन्य थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने :** हाललाई नभएको ।

१३. **प्रबन्धपत्र संशोधन भएमा लागु हुने अवस्था :** यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भए साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ ।

१४. **प्रवन्धपत्र बाझिएको हद सम्म अमान्य हुने :** यस प्रवन्धपत्रमा लेखिएका कुरा कम्पनी ऐन २०६३ वा अन्य प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: बदर हुनेछ ।

१५. **संस्थापकहरुले तत्काल लिन कबुल शेयर संख्या** : हामी **सिम्बुवा रेमिट हाइड्रो लिमिटेड** का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानुनबमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौ । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना हस्ताक्षर हामीले लिन कबुल गरेको शेयरर साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्ठा ठहरिन गएमा कम्पंनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौ । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्ठा ठहरे कानुन बमोजिम सहन बुझाउन मञ्जुर छ भनी सहिछाप गरेका छौं ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

Hydroelectricity Investment & Development Co. Ltd. Kathmandu, 2011

| संस्थापकको नाम | बाबु /पतिको नाम | नागरिकता प्रमाण पत्र नं र नगरिकताप्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी न. | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर,वतन र सहिछाप | साक्षीको नागरिकता प्रमाण पत्र नं र जिल्ला |
|---|---|---|---|---|---|
| सहि :<br>हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड को तर्फबाट कार्यकारी श्री छविराज पोखेल<br>ठेगाना : हात्तीसार काठमाण्डौं ।<br>फोन नं. :४४४५०१६<br>पयाक्स :<br>पो. ब. नं. : १३३५२<br>इमेल : info@hidcl.org.np<br>कम्पनीको छाप | | रजिष्ट्रेशन न. १३००/०६७/०६८ कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौ | १००००००० थान कित्ता | दस्तखत : नाम : मुक्तिबोध न्यौपाने<br>ठेगाना : हात्तीगौंडा, काठमाण्डौ<br>दा<br>बा | १०२१८/१५८ ०१५८/८९४ /१५०९६, काठमाडौं |

**मस्यौदाकार**

खडगबहादुर बुढाथोकी
अधिबक्ता
प्र. प. नं. १०६३३
नेपालबार काउन्सिल

ईति सम्वत २०७६ साल फाल्गुण महिना २४ गते रोज ५ शुभम.......................................।